## विशेष इजलास

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.सुशीला कार्की,** ०६४-WS-००३३,उत्प्रेषण परमादेश समेत, *केदार मैनाली वि.राष्ट्रिय वाणिज्य बैंक समेत*

निवेदकले सेवा प्रवेश गर्दाको अवस्थाको नियमावलीको व्यवस्थाबमोजिम नभै हाल बहाल रहेको नियमावलीबमोजिम सुविधा पाउने ।

हालको राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सेवा विनियमावली, २०६१ बमोजिमको सुविधा दिइएन भन्ने निवेदन जिकिर नभै साविकको राष्ट्रिय वाणिज्य बैंकको कर्मचारी नियमावली, २०२३ बमोजिम निवृत्तिभरण पाउनुपर्ने भन्ने निवेदन जिकिर कानूनसंगत नदेखिने ।

इजलास अधिकृत: नारायण पन्थी

इति संवत् २०६५ साल फागुन १५ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गौरी ढकाल,** २०६४-WF-०००३, उत्प्रेषण परमादेश समेत, *रेशमबहादुर पौडेल समेत वि.स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

संयुक्त इजलासले एकै विषयमा भिन्न-भिन्न निर्णय भएको भनी औंल्याएका मुद्दामा भएको निर्णय हेर्दा ती मुद्दामा भिन्न-भिन्न विषयमा निर्णय भएको देखिन्छ । यसरी भिन्न-भिन्न विषयमा भएको निर्णयलाई लिएर एकै विषयमा फरक-फरक निर्णय भएको भनी संयुक्त इजलासले पूर्ण इजलासमा पठाएको आदेश मिलेको नदेखिने ।

इति संवत् २०६५ साल माघ २३ गते रोज शुभम् ।

## संयुक्त इजलास

**सं.का.मु.प्र.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको दे.पु.नं. ७९५१, अंश, *नारायणबहादुर श्रेष्ठ वि. रामप्रसाद श्रेष्ठ समेत*

कानूनबमोजिम वण्डापत्र भएको कुनै लिखत नभएको अवस्थामा फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गरी एकाघर सगोलका अंशियारहरूमध्ये जुनसुकै अंशियारहरूका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति मानिने ।

इजलास अधिकृत: कृष्णराम कोइराला

इति संवत् २०६६ साल असार ३ गते रोज ४ शुभम् ।

- यस्तै विषयवस्तु समावेश भएको २०६२ सालको दे.पु.नं. ००८४, *नारायणबहादुर श्रेष्ठ वि.रामप्रसाद श्रेष्ठसमेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## इजलास नं. १

१.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री खिलराज रेग्मी**, २०६५ सालको रिट नं. WO-००२४ उत्प्रेषण समेत, *चन्द्रकुमारी गुरुङ वि.कास्की जिल्ला अदालत समेत*

असाधारण अधिकारक्षेत्रअन्तर्गत रिटक्षेत्रमा प्रवेश गरी निवेदन खारेज हुने ठहर भै अन्तिम आदेश भएपश्चात् पुनः सोही कार्यान्वयनको विषयमा भएको कामकारवाहीउपर तह-तह निवेदन परी कार्यान्वयनको कारवाही परीक्षण भैसकेको र ती आदेशहरूमा प्रत्यक्ष कानूनको त्रुटि वा अधिकारक्षेत्रात्मक त्रुटि रहेको भन्ने भनाई पनि नभएको, यही विवादको सम्बन्धमा सर्वोच्च अदालत

प्रवेश गरी अन्तिम आदेश भैसकेको अवस्थामा पुनः सोही विषयमा रुप केही परिवर्तन गरी प्रवेश गरेको पाइएबाट निवेदकले फैसला कार्यान्वयनको कार्य अनावश्यक लम्ब्याउने प्रयत्न गरेको मिसिलको तथ्यबाट देखिएको विद्यमान अवस्थामा निवेदन मागबमोजिम फैसला कार्यान्वयनको कार्य रोक्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६५ साल चैत १६ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं.१०६८, उत्प्रेषण, *रेवी मण्डल वि.वृहत्तर जनकपुरक्षेत्र विकास परिषद् जनकपुरधाम समेत*

अयोग्यताको कारणले पदको काम वा जिम्मेवारी पूरा नगरेको कसूरमा निवेदकलाई नोकरीबाट अवकास दिने गरी भएको निर्णयमा क्षेत्राधिकार र अन्य कानूनी त्रुटि समेत नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २५ गते रोज १ शुभम् ।

३.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको रिट नं.००३५, बन्दीप्रत्यक्षीकरण, *सन्तोष तामाङ समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

अनुसन्धान वा तहकिकात र मुद्दामा पुर्पक्षको सम्बन्धमा थुनामा रहनुपर्ने भएका नाबालकलाई बाल सुधार गृहमा राख्नुपर्ने, बालबालिकासम्बन्धी ऐन, २०४८ को स्पष्ट कानूनी व्यवस्था रहेको भएपछि स्थानाभाव भएमा भने राख्न नपर्ने भनी सम्झन नमिल्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २५ गते रोज १ शुभम् ।

४.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं.८९९३, कुत दिलाई मोही निष्कासन, *वन्हु खाँ थारु वि. शम्भुबहादुर के.सी.*

भूमीसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनले जग्गाधनी र मोहीबीच आधा-आधा जग्गा बाँडफाँड हुने कानूनी व्यवस्था गरेको हुँदा सोपश्चात्को कुत बाली नदिएको भन्ने आधारमा मोही निष्कासन गर्नु संविधान र कानून अनुकूल नहुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल चैत २८ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूपका निर्णय भएका छन्:

- २०६२ सालको दे.पु.नं.८४७३, कुत मोही, *वन्हु खाँ थारु वि.भगवती के.सी समेत*
- २०६३ सालको दे.पु.नं.८९९४, कुत दिलाई मोही निष्कासन, *पुरन गुरो थारु वि. भगवती के.सी समेत*

५.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री बलराम के.सी,** २०६२ सालको रिट नं.३८५०, उत्प्रेषण, *नातिकाजी बस्नेत समेत वि.कृष्णबहादुर खड्का क्षेत्री समेत*

२०४२।१०।१८ को निर्णय बदर गराउन २०६२।३।२८ मा निवेदन परेबाट विलम्ब गरी अदालत

प्रवेश गरेको समेत देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल चैत २७ गते रोज ५ शुभम्

६.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ३८३४, ठगी, *नारायण थापा वि. नेपाल सरकार*

आफ्नो सहकारी संस्थामा राम्रो व्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई मागेका बखत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिँडेको कार्यलाई वचतकर्ताहरूलाई गफलतमा पारी धोका दिएको होइन भन्न कानून एवं प्रमाण समेतको आधारमा मिल्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६५ साल चैत ९ गते रोज १ शुभम् ।

७.

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको रिट नं.२५७८ उत्प्रेषणयुक्त परमादेश, *व.ह.हवलदार साह तेली वि. सशस्त्र प्रहरी वल छिन्नमस्ता गण, बर्दिबास, महोत्तरी समेत*

सशस्त्र प्रहरी नियमावलीको नियम ९१ बमोजिम सफाईको उचित मौका दिएको देखिन नआएको अवस्थामा सशस्त्र प्रहरी वलको सेवाबाट हटाएको कानूनको त्रुटि एवं प्राकृतिक न्यायको सिद्धान्त विपरीत देखिने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २५ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६४ सालको रिट नं.१०१३, उत्प्रेषणयुक्त परमादेश, *लालबाबुप्रसाद यादव वि. नेपाल सरकार, गृह मन्त्रालय समेत*
- २०६४ सालको रिट नं.०२३८, उत्प्रेषणयुक्त परमादेश, *उमेश पाण्डे वि.नेपाल सरकार, गृह मन्त्रालय समेत*

**८.**

**मा.न्या. श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको रिट नं.०३८, बन्दीप्रत्यक्षीकरण, *अजय शंकर झा "रुपेश" वि.जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११(४) ले प्रमुख जिल्ला अधिकारीलाई मुद्दा हेर्ने अधिकार दिएकोमा आफूलाई अधिकार नै नभएको सहायक प्रमुख जिल्ला अधिकारीबाट थुनछेक प्रयोजनार्थ प्रमुख जिल्ला अधिकारीलाई मात्र भएको न्यायिक अधिकार प्रयोग गरी थुनामा राख्ने गरेको कार्यलाई कानूनले अख्तियार प्रदान गरेको अधिकारीले गरेको कार्य उचित मान्न नमिल्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने ।

इति संवत् २०६५ साल फागुन २५ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको रिट नं. २८१५, उत्प्रेषणयुक्त परमादेश, *कृष्णप्रसाद पौडेल वि. प्रहरी प्रधान कार्यालय, नक्साल समेत*

प्रतिवादको मौका कुनै दायित्व बहन गराउनु पूर्व हरेक व्यक्तिले पाउनु पर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन । यसका लागि सजाय गर्ने अख्तियारप्राप्त निकायले अर्को पक्षलाई प्रतिवादको मौका दिन इमानदार प्रयास गरेको देखिनु पर्दछ । आफ्नो विरुद्ध कारवाही चलेको थाहा पाएको पक्षले आफै पनि

जानकारी लिने सजगता देखाउनु पर्दछ । प्रतिवादको मौका छलकपटलाई प्रोत्साहन गर्ने वा संरक्षण गर्ने सिद्वान्त होइन । २०५८ सालमा कारवाही उठी क्षेत्रीय प्रहरी विशेष अदालत समेतबाट निर्णय भएकोमा सबै तहका सबै निर्णयहरूलाई एकमुष्ठ तवरले बदर गरिमाग्न आएको रिट निवेदनमा अनुचित विलम्ब गरी सफा हात नलिई आएको देखिने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल फागुन २५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०५९ सालको रिट नं.३५२५, उत्प्रेषण मिश्रित परमादेश, *रामेश्वर महतो वि.क्षिरेश्वर जनता उच्च माध्यमिक विद्यालय समेत*

निजी विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक स्पष्टीकरण सोधेको, निजको जवाफ सन्तोषजनक नभएकोले ७ दिनभित्र पुनः स्पष्टिकरण पेश गर्न समेत मौका दिएको कुरा निवेदनमा नै उल्लेख भएको पाइएबाट निजी स्रोत र साधनबाट सञ्चालित विद्यालय व्यवस्थापन समितिले सुनुवाईको मौका नदिएको भन्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम्

११.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६५ सालको रिट नं. ००९३, परमादेश, *भरत विलास पन्त वि.त्रिभुवन विश्वविद्यालय, सेवा आयोग समेत*

विज्ञापित पदमा भएको सिफारिश, नियुक्ति समेतमा विवाद परी अदालतबाट सो सिफारिशअनुसार निवेदक बढुवा हुने हो होइन जे जो बुझी निर्णय गर्न भएको आदेशबमोजिमको निर्णय नगरी विषयान्तर गरी निर्णय गर्नु त्रिभुवन विश्वविद्यालयजस्ता शैक्षिक संस्थाको सुहाँउदो विषय होइन । भएको सिफारिश बमोजिम विज्ञापित पदमा नियुक्ति हुने नहुने विषयमा जे जो बुझी निर्णय गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम्

- यस्तै प्रकृतिको २०६५ सालको रिट नं.००३४३, उत्प्रेषण, *भरतविलास पन्त वि.त्रिभुवन विश्व वद्यालय, सेवा आयोगको कार्यालयसमेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१२.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ०७६५, उत्प्रेषण प्रतिषेध, *हरिकृष्ण सैंजु वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

लोकसेवा आयोगबाट मिति २०६१।१।१४ को बढुवा समितिको निर्णय सदर गरी गरेको निर्णय सर्वोच्च अदालतबाट मिति २०६३।५।२० मा बदर गरी निवेदकको सट्टामा उक्त पदमा डा. लोकेन्द्रराज शर्मालाई बढुवा सिफारिश गरी नियुक्ति दिनु भनी भएको आदेश बमोजिम डा. लोकेन्द्रराज शर्माले विज्ञापित पदमा नियुक्ति समेत पाई यी निवेदक साविक रा.प. द्वितीय श्रेणीको पदमा झरी सकेको अवस्थामा निवेदन मागबमोजिमको आदेश कानूनतः जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल जेष्ठ ५ गते रोज ३ शुभम् ।

१३.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको रिट नं.

२८१७, उत्प्रेषण, *सिद्धेश्वरकुमार सिंह समेत वि. मन्त्रिपरिषद् सचिवालय समेत*

सम्झौताको अर्को पक्षलाई मर्का परेमा त्यसको निदान गर्ने उपाय अर्थात् सम्झौताद्वारा सिर्जित हक दायित्व प्रचलन गराउने सम्बन्धमा करार ऐन, २०५६ को व्यवस्था लागू हुने ।

करारीय दायित्व एवं हक कानूनी हक तथा संवैधानिक हकभन्दा पृथक भई त्यस्तो हक परिचालन गर्न असाधारण अधिकारक्षेत्रको बाटो उपयुक्त नहुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल वैशाख २२ गते रोज ३ शुभम्

१४.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २५२१, उत्प्रेषणयुक्त परमादेश, *हिरणकुमार यादव वि. गृह मन्त्रालय समेत*

गैह्रकानूनी रूपमा खडा गरिएको पर्चाको आधारमा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट भएको निर्णय र सो निर्णयलाई सदर गरेको गृह मन्त्रालय (मन्त्रीस्तर) को निर्णय कानून अनुकूल नहुने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

यति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

- यस्तै विषयवस्तु समावेश भएको २०६२ सालको रिट नं. २४८६ उत्प्रेषणयुक्त परमादेश, *हेरम्भप्रसाद पाण्डे वि. गृह मन्त्रालय* समेत भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१५.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रिट नं. २६६५, उत्प्रेषणयुक्त परमादेश, *कमलकुमार खवास वि. नेपाल विद्युत प्राधिकरण वेलवारी शाखा मोरङ समेत*

कानूनले प्रदान गरेको वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी यस अदालतको असाधारण अधिकारक्षेत्रको बाटो अँगाली रिट क्षेत्रबाट प्रवेश गरेको कार्य कानूनसँगत नदेखिने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ जेठ ११ गते रोज २ शुभम्

१६.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री गिरीशचन्द्रलाल,** २०६० सालको दे.पु.नं. ८३६७, निर्णय पर्चा लिखत बदर, *राधिका चमईन समेत वि. हरदेव राय यादव समेत*

सर्भे नापीमा प्रतिवादी पुनीत राय यादवका पिता महावीर राय यादवले दर्ता गराएको भन्ने देखिई सो जग्गाको मालपोतसमेत बुझाएको पुष्टि भएको देखिन आएको, प्रत्यर्थी वादीहरूले दावीको जग्गा आफ्ना पिताको हक भोगको हो भन्ने कुनै लिखत प्रमाण पेश गर्न सकेको नदेखिएको तथा यही विवादित कि.नं. १९ को जग्गा प्रतिवादी पुनीत रायले दपोट गरेको ठहरी बारा जिल्ला अदालतबाट फैसला भै सो अन्तिम भैबसेको स्थितिमा प्रत्यर्थी वादीको विवादित जग्गामा हक पुग्नसक्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ बैशाख २९ गते रोज ३ शुभम् ।

१७.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०५९ सालको दे.पु.नं. ८३४५,हक निखनाई पाऊँ, *महावती चौधरी वि. समनारायण देवी साह समेत*

केवल एक ठाउँमा सामान्य भन्दा सामान्य लेखाइको क्षमायोग्य त्रुटिसम्म भई लेनदेन व्यवहारको ११ नं. मा भएको कानूनी व्यवस्थानुसार लिखत भएको मितिले ६ महिनासम्ममा थाहा पाएको मितिले

३५ दिनभित्र नै प्रस्तुत फिराद पत्र परेको प्रष्ट देखिन आउँछ । यस अर्थमा प्रस्तुत फिराद हदम्यादविहीन छ भनी अर्थ गर्न नमिल्ने ।
इजलास अधिकृतः काजिबहादुर राई
कम्प्यूटर अपरेटरः बेदना अधिकारी
इति संवत् २०६५ साल चैत २५ गते रोज ३ शुभम् ।

## इजलास नं.२

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं.०८३४, उत्प्रेषण मिश्रित परमादेश, *अनीलकुमार कर्ण वि. धनुषा जि.अ.समेत*

अदालतको साधारण अधिकारक्षेत्रअन्तर्गत उपचारको पर्याप्त व्यवस्था रहेको र त्यसका आधारमा उपचारको प्राप्तिको अभ्याससमेत गरिसकेपछि पुनः त्यही विषयलाई अन्य कुनै वैकल्पिक उपचारको मार्ग नरहेको भनी यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्नु उचित नहुने ।
इजलास अधिकृतः अर्जुन अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६५ साल चैत ७ गते रोज ६ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं.०१०३, दाइजो फिर्ता, *अन्जु रौनियार (गुप्ता) वि.रामजीप्रसाद रौनियार समेत*

पुनरावेदन अदालतमा पुनरावेदन गर्दासम्म पुनरावेदन साथ वादीले केही विल भरपाईका प्रतिलिपि प्रस्तुत गरेको भए पनि शुरु दावीसाथ प्रस्तुत गर्न नसकेको अवस्थामा अ.वं.७७ नं. बमोजिम प्रमाण ग्राह्य हुन नसक्ने ।
इजलास अधिकृतः अर्जुन अधिकारी
कम्प्यूटरः विश्वराज पोखरेल
इति संवत् २०६५ चैत ३० गते रोज १ शुभम्

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं.-WO-११८०, प्रतिषेध उत्प्रेषण समेत, *जुनीदेवी कामी वि.कन्चनपुर जिल्ला अदालत समेत ।*

मुद्दामा विपक्षीको अंश भाग जतिको जग्गाको लिखतसम्म जालसाज घोषित भई सो हदसम्मको जग्गामात्रै दाखिल खारेज नामसारीको लागि रोक्का गरेको तहसिलदारको आदेश कानून प्रतिकूल समेत नदेखिने ।
इजलास अधिकृतः बिदुर कोइराला
कम्प्यूटरः विश्वराज पोखरेल
इति संवत् २०६५ साल चैत १६ गते रोज १ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** संवत् २०६५ सालको साधक नं. RC ००८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.जयकिसुन साह समेत*

अण्डकोष जस्तो संवेदनशील अंगमा प्रहार गर्ने कार्य गरेको पुष्टि भएको र त्यसैको पीडाबाट मृतकको मृत्यु भएको अवस्था हुँदा प्रतिवादी जयकिसुन साह मुख्य व्यक्ति रहेको देखिँदा निजलाई ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र अर्का प्रतिवादी सुमित्रादेवीलाई सोही नं. बमोजिम जन्मकैद हुने ।
इजलास अधिकृतः बिदुर कोइराला
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६५ साल फागुन २२ गते रोज ५ शुभम् ।

**५.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको फौ.पु.नं.२८९, अवैध रूपमा गैंडाको खाग खरीद बिक्री गरेको, *नेपाल सरकार वि.सुरेशकुमार अग्रवाल समेत ।*

केवल आफ्नो साढु नाताका व्यक्तिले रकम उपलब्ध गराई दिनु भनी रकम उपलब्ध गराएकै कार्यलाई अनुमानकै भरमा यी प्रतिवादीद्वयको आरोपित कसूरमा संलग्नता रहेको भनी निष्कर्षमा पुग्न न्यायोचित नहुने ।

इजलास अधिकृतः अर्जुन अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६५ साल चैत ३० गते रोज १ शुभम्

६.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं.०७५७, नापी दर्ता बदर, *हस्तबहादुर श्रेष्ठ वि.रामबहादुर श्रेष्ठ ।*

२०१३ सालदेखि नै भोगचलन गरी तिरो समेत तिरी आएको विवादित घर जग्गामा चीरभोगको सिद्वान्त (Long Time Undisputed Possessory Right) समेतबाट प्रतिवादीकै भोग स्वामित्वको देखिन आएबाट उक्त घर जग्गामा लामो समयदेखि प्रतिवादीको भोग कायम रहिआएको देखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल वैशाख ८ गते रोज ३ शुभम् ।

**इजलास नं. ३.**

१.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको स.फौ.पु.नं.३७५४, जबर्जस्ती करणी, *नेपाल सरकार वि.बीरबहादुर टमटा*

करणी गरेको स्पष्ट हुँदाहुँदै प्रतिवादीले करणी गरेको तथ्य शंकारहित तवरबाट पुष्टि नभएको भनी फौजदारी न्यायको शंकाको सुविधा प्रतिवादीले पाउँछ भन्ने सिद्धान्तको गलत व्याख्या एवं प्रयोग गरी प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिन नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल वैशाख ३ गते रोज ५ शुभम्

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६० सालको दे.पु.नं.८२४९, ९१५८, संवत् २०५९ सालको दे.पु.नं.९१५९, अंश दर्ता, *महेशप्रसाद यादव वि.गणेशप्रसाद यादव*

निजी आर्जनको सम्पत्ति हो भनी ठोस प्रमाणसहित दावी लिन नसकेको अवस्थामा अंशवण्डाको १८ नं. अनुकूल रहे भएको नदेखिई प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार उक्त कि.नं.११६ को जग्गालाई समेत सगोलको सम्पत्ति मान्नु पर्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल वैशाख २ गते रोज ४ शुभम् ।

**३**

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गौरी ढकाल,** संवत् २०६० सालको दे.पु.नं. ८२९५ र ९१६०, अंश दर्ता, *रुकमतीदेवी अहिरनी वि.गणेशप्रसाद यादव समेत तथा रमेशप्रसाद यादव वि. रुकमतीदेवी अहिरनी*

लिखतको विषयमा हालैको वकसपत्र भनी स्पष्ट रूपमा उल्लेख भएकोमा दाता वादी प्रतिवादीहरू बीचमा अंशियार नाताभित्रका व्यक्ति पनि रहे भएको नदेखिँदा अंशवण्डाको महलको १८

नं. मा उल्लिखित कानूनी व्यवस्थाअनुरूप निजी सम्पत्तिभित्रकै देखिन आउने ।

राजीनामाको कैफियत महलमा दाइजोको रकमबाट खरिद गरेको भन्नेसमेत स्पष्ट रूपमा उल्लेख भएको अवस्था एवं स्थितिमा अंश वण्डाको १८ नं. तथा स्त्री अंश धनको ५ नं. बमोजिम निजी सम्पत्ति रहे भएको स्पष्ट देखिन आउने ।

इजलास अधिकृतः कृष्णप्रसाद सुवेदी

इति संवत् २०६६ साल बैशाख २ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूपका निर्णय भएका छन् ।

- संवत् २०६० सालको दे.पु.नं. ८९४५, अंश दर्ता, *रमेशप्रसाद यादव वि. गणेशप्रसाद यादव समेत*
- २०६० सालको दे.पु.नं. ८२८४, अंश, *महेशप्रसाद यादव वि.राजभरी देवी समेत*

## इजलास नं. ४

१.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. २७१८, उत्प्रेषणयुक्त परमादेश, *शरदमान शाक्य वि. चःमती योजना, कमलादी समेत*

जग्गासम्बन्धी सम्बन्धित पक्षको प्रमाण समेत हेरी बुझी यो आदेश प्राप्त भएको मितिले १५०(एकसय पचास) दिनभित्र कानून र प्रमाणको आधारमा टुङ्गो लगाउनु भनी विपक्षी चःमती जग्गा एकीकरण आयोजनाको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

संवत् २०६६ साल वैशाख ३१ गते रोज ५ शुभम् ।

२.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६२ सालको दे.पु.नं. ८०९६, करारबमोजिम रकम दिलाई भराई पाऊँ, *राजकृष्ण श्रेष्ठ समेत वि. शैलेन्द्रराज शर्मा*

कुनै पनि विवाद अदालतमा न्यायिक समाधानको लागि प्रस्तुत गर्नु पूर्व आपसमा गरिएका समझदारी पूर्ण रूपमा पालन एवं अवलम्बन गरिएको हुनुपर्दछ । अदालतमा विवाद अन्तिम विकल्पका रूपमा मात्र प्रस्तुत हुने हुन्छ । आफूहरूमा निहित विकल्पहरूको प्रयोग नगरी एकैचोटी न्यायिक विकल्पका रूपमा प्रस्तुत हुन संप्रतिज्ञात्मक कानूनको सिद्धान्तले नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६५ साल भदौ ९ गते रोज २ शुभम् ।

३.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** २०६३ सालको स.फौ.पु. नं. ३८०१, कर्तव्य ज्यान, *पूर्णीमाया लिम्बु वि. नेपाल सरकार*

अवैध सम्बन्ध राखी रहन गएको गर्भबाट जन्मिएको सन्तानलाई जंगलमा जन्म भएपश्चात् धुलो माटोमा पुरी कर्तव्य गरी मारेको भन्ने देखिन आउँदा निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. कसूरमा ऐ. १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने साथै प्रतिवादी पूर्णीमाया लिम्बुलाई एकातर्फ आफ्नो पारिवारिक विखण्डनको डर, सामाजिक लोकलाजको अवस्थासमेतको कारणबाट प्रस्तुत अपराध गर्न गएको देखिएकोले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा न्यायको रोहमा अ.वं. १८८ नं. बमोजिम कैद वर्ष ३ हुने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल फागुन २१ गते रोज ४ शुभम् ।

४.

**मा.न्या. श्री बलराम के. सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** २०५५ सालको रिट नं. २८०६, उत्प्रेषण मिश्रित परमादेश, *कृष्णचन्द्र झा वि. सुशीलकुमार नहाटा समेत*

पेश गर्नुपर्ने केही प्रमाण लाग्ने कागजातहरू UNICITRAL को नियमअनुसार पछि पेश गरेकोमा लिखित जवाफ साथ पेश नगरिएको भनी निवेदक संस्थानका प्रमाणका कागजातरूलाई प्रमाणमा नलिई दिएको Award र त्यसलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको निर्णय UNICITRAL को नियमको नियम १९(२),(३) र (२०) को विपरीत हुने।

इजलास अधिकृत : कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ६ गते रोज २ शुभम्।

५.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री दामोदरप्रसाद शर्मा**, २०५९ सालको रि.नं. २८०५, उत्प्रेषण समेत, *कृष्णचन्द्र झा वि. दिनेशभक्त श्रेष्ठ समेत*

रिट निवेदनमा तथ्यभित्र प्रवेश नगर्ने मान्य सिद्धान्त नै हो। तर मध्यस्थको Award मिले नमिलेको हेर्दा सम्झौताको विपरीत भए नभएको दावी प्रमाणित गर्ने प्रमाण विद्यमान भए नभएको हेर्न तथ्यभित्र प्रवेश गर्नुपर्ने।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ६ गते रोज २ शुभम्।

६.

**मा.न्या. श्री बलराम के. सी. र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०५९ सालको फौ.पु.नं. ३०६५, विष्फोटक पदार्थ, *शिवा पासवान वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्ष सावित भई वयान गरेको र पुनरावेदकको घरबाट बम बरामद भएको देखिँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसूर प्रमाणित गरेको देखिँदा दावीबमोजिमको कसूरमा सजाय हुने।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल भाद्र ११ गते रोज ४ शुभम्।

७.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको साधक नं. ०९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हुकुमबहादुर रानाक्षेत्री समेत*

प्रतिवादी फरार रहेबाट पनि निर्दोष रहेको भए त्यस्तो व्यक्तिले आफ्नो भएको साँचो व्यहोरा अदालतमा उपस्थित भई अभिव्यक्त गरी वारदातमा भएको आफ्नो र अन्य व्यक्तिहरूको संलग्नतालाई स्पष्ट पारी वारदात को कसबाट कसरी घटेको हो भन्ने सम्बन्धमा यथार्थ जानकारी गराउनु पर्ने र आफू उपर लागेको आरोपलाई खण्डन गर्दै त्यसबाट सफाई पाउनका लागि आफ्ना भएका सबूद प्रमाणहरू प्रस्तुत गर्नुपर्नेमा त्यसो नगरी आफ्नो निर्दोषिताको कुनै प्रमाण पेश गर्न सकेको नदेखिएबाट पनि यी प्रतिवादी कसूरदार नै भएको पुष्टि हुन आउने।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ १० गते रोज ६ शुभम्।

८.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको साधक नं. ०२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनोज राई*

Alibi जिकिर प्रमाणित गर्ने भार Alibi को जिकिर लिने व्यक्तिमा नै हुन्छ। Alibi को जिकिर लिनेले Alibi को जिकिर प्रमाणित गर्न नसकेमा त्यस्तो व्यक्ति घटनास्थलमा रहेको भनी अदालतले अनुमान गर्नसक्ने।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ १० गते रोज ६ शुभम्।

९.

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला**, २०६५ सालको फौ.पु.नं. ०७०५, जवर्जस्ती करणी, *राजकुमार घिमिरे वि.नेपाल सरकार*

वारदातमा अन्य व्यक्तिको संलग्नता नभएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष कसूर गरेकोमा साविती भएको, निज प्रतिवादीले अदालतसमक्ष समेत औंलाले पीडितको योनी चलाई नङले रगत आएको र आफू होसमा नहुँदा के गरे थाहा भएन भनी वयान गरेको र प्रसूति गृहले पीडितको शारीरिक परीक्षण र प्रयोगशालाको रिपोर्टबाट उक्त वारदातमा जवर्जस्ती करणी भएको र शुक्रकीट पाइएको भनी देखाएको र उल्लिखित पीडित र जाहेरवालाको आफ्नो व्यहोरा मिसिल संलग्न अन्य कुनै पनि प्रमाणले खण्डित भएको अवस्था समेत नदेखिँदा प्रतिवादी कसूरदार भएको कुरा शंकारहित तवरबाट पुष्टि हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ८ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या. श्री बलराम के.सी.र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको फौ.पु.नं. ४७३, कर्तव्य ज्यान, *सँगीता गुरुङ्ग (लिम्बु) वि. नेपाल सरकार*

प्रतिवादी पेशेवर अपराधी नभएको र कुनै आपराधिक सँगठनको सदस्य भै सँगठनको सदस्यको हैसियतले घटना घटाएको पनि नदेखिएको, यस्तो प्रकारको अपराध पटक-पटक दोहोरिने खालको पनि नभएको र प्रतिवादी समाज र समाज वरिपरि प्रतिवादीकै छिमेकीको लागि पनि Security Threat नभएको कारणले अ.बं. १८८ नं.अनुरूप कैद सजाय केही घटाउन उपयुक्त हुने ।

इजलास अधिकृत कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ८ गते रोज ४ शुभम् ।

११.

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०५९ सालको रि.नं.३६८१, उत्प्रेषण समेत, *सुशीलकुमार नाहाटा वि.मन्त्रिपरिषद सचिवालय समेत*

कृषि समाग्री संस्थानको संचालक समितिको ८५६ औं बैठकले कृषि समाग्री संस्थान पक्ष वा विपक्ष भएको नेपालमा चलिरहेका मुद्दाहरू स्वतः कृषि समाग्री कम्पनीले सकार्ने भन्ने निर्णय गरेको र सोही कुरा लिखित जवाफबाट समेत देखिएको हुँदा सम्झौता र कानूनबमोजिम निवेदकले पाउने रकम पाउनसक्नेमा विवाद हुनसक्तैन । सो हदसम्म निवेदकको हक पुग्छ । तर सोबाहेक कृषि समाग्री संस्थानलाई विघटन गरी अन्य दुई कम्पनी गठन गर्नेलगायतका नीतिगत कुरामा तत्कालीन संविधानको धारा २३ र ८८(२) बमोजिम निवेदकलाई निवेदन गर्ने हक नहुने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ६ गते रोज २ शुभम् ।

१२.

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०५५ सालको फौ.पु.नं.२१६४, अदालतको अपहेलना, *आर.ए. कशलिन वि. दिनेशभक्त श्रेष्ठ*

जुन निर्णय र फैसला कार्यान्वयन नभएकाले अदालतको अपहेलनामा कारवाहीको माग गरिएको

हो त्यही निर्णय र फैसला नै बदर भएकोले अदालतको अपहेलना भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ६ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको संवत् २०५६ सालको फौ.पु.नं.२१९५, अदालतको अपहेलना, *कृष्णचन्द्र झा वि.दिनेशभक्त श्रेष्ठ* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**१३.**

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६४ सालको रिट नं.०४१२, उत्प्रेषणयुक्त परमादेश, *वोमबहादुर कार्की वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम असाधारण अधिकारक्षेत्रअन्तर्गत हेरिने मुद्दामा जुन उपचार माग भएको हो त्यही उपचार प्राप्त भइसकेको छ भने त्यस्तो अवस्थामा आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ७ रोज ३ शुभम् ।

**१४.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको फौ.पु.नं.००३४, जबर्जस्ती करणी, *भूमिकुमार माझा राजवंशी समेत वि. नेपाल सरकार*

प्रतिवादीहरूलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. को कसूरमा सोही महलको ३(१) नं. ले दश वर्ष र सोही महलको ३(क) नं.ले थप पांच वर्ष कैदसमेत गरी जम्मा १५ वर्ष जनही कैद गरी सोही महलको १० नं. ले प्रतिवादीहरू भूमिकुमार माझा राजवंशी, चन्द्रप्रसाद माझा राजवंशी र विष्णुकुमार माझा राजवंशीको आधा अंश समेत पीडितले भरिपाउने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ ८ गते रोज ४ शुभम्

१५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको साधक नं.०८३, कर्तव्यज्यान, *नेपाल सरकार वि. भख्या श्रेष्ठ*

मार्नको लागि कुनै ठोस योजना बनाएको नदेखिई पति पत्नीबीच भएको सामान्य झगडाकै क्रममा मृतकको मृत्यु भएको देखिएको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम पूरै सजाय गर्नु विवेकपूर्ण नहुने ।

इजलास अधिकृतः कृपासुर कार्की

इति संवत् २०६५ साल माघ १० गते रोज ६ शुभम्

१६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको रि.नं.३४५५, उत्प्रेषणयुक्त परमादेश, *जनक सुवेदी वि.भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

प्रक्रियागत रूपमा कार्यकारिणी अधिकार प्रयोग गरी प्रधानमन्त्रीले मन्त्रिपरिषद्बाट निर्णय गरी सरकारी स्वामित्वमा रहने गरी र आवश्यक परेका बेला फिर्ता लिने गरी भोगाधिकारसम्म दिने गरी गरेको मन्त्रिपरिषद्को उक्त निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६५ साल फागुन ८ गते रोज ५ शुभम् ।

१७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** संवत् २०६३ सालको फौ.पु.नं.CR-०२४५, ठगी, *नेपाल सरकार वि.इन्द्रबहादुर बान्तवा*

ठगी गरेको भनिएको ३५ तोला सुनको कहिँ कतैबाट परीक्षण र मूल्याङ्कन भै सुन वरामद हुन सकेको समेत नदेखिएको अवस्थामा अदालतले अनुमान गरी विगो कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६५ साल माघ २६ गते रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको फौ.पु.नं.४५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.श्यामचन्द्र खड्का*

फौजदारी मुद्दामा शंका र विश्वासको आधारमा होइन, प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणबाट कसूर प्रमाणित गर्न सक्नुपर्दछ । कुनै व्यक्तिउपर लागेको अभियोग शंकारहित तवरले गम्भीर रूपमा प्रमाणित एवं पुष्टि नभएसम्म कसैले व्यक्त गरेको शंका र विश्वासकै आधारमा कर्तव्य ज्यान जस्तो सँगीन कसूरमा कसैलाई दोषी ठहर गर्नु न्याय एवं कानूनी सिद्वान्त विपरीत हुने ।

इजलास अधिकृतः युवराज गौतम

इति संवत् २०६५ साल फागुन ११ गते रोज १ शुभम् ।

१९.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं.३३८८, लागू औषध सेतो हेरोइन, *नेपाल सरकार वि. हिरालाल गुरुङ*

लागू औषधसम्बन्धी अपराध गम्भीर अपराध भएपनि वादीले अभियुक्तविरुद्ध केही प्रमाण पुऱ्याउनु पर्नेमा सो नपुऱ्याई केवल सहअभियुक्तको पोलको आधारमा मात्र अभियोग लागेको अवस्थामा सफाई पाउने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्युटरः वुद्धरत्न महर्जन

इति संवत् २०६५ साल फागुन ११ गते रोज १ शुभम् ।

२०.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं.२८७, जबर्जस्ती करणी, *नेपाल सरकार वि.चित्रबहादुर कुमाल समेत ।*

प्रतिवादीहरूले करणी गरेको कुरा स्वीकार गर्दै केवल मन्जूरीबाट भएको भन्ने जिकिर रहेको देखिए तापनि पीडितको उमेर १३-१४ वर्ष मात्र भएको पीडितको उमेर परीक्षण प्रतिवेदन समेतबाट देखिएको र चिकित्सकको उमेर परीक्षण प्रतिवेदनलाई प्रतिवादीहरूले अन्यथा भन्न र प्रमाणित गर्न नसकिरहेको अवस्थामा त्यस्ती १६ वर्ष मुनिकी स्वास्नी मान्छेलाई मन्जूरी लिएर करणी गरेको भएतापनि जबर्जस्ती करणी भएको मान्नु पर्ने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्यूटरः वुद्धरत्न महर्जन

इति संवत् २०६५ फागुन ११ गते रोज १ शुभम् ।

२१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं.०६३-WO-०२३१, उत्प्रेषण, *नुरहसन मंसुरी वि.पुनरावेदन अदालत जनकपुर समेत*

कानूनको प्रक्रिया पूरा गरी वादीलाई घर जग्गा चलन चलाई दिने गरी भएको आदेशबाट संवैधानिक र कानूनी हक हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल वैशाख २५ गते रोज ६ शुभम् ।

२२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं.०६५-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *गणेश गुरुङ्ग वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

मुद्दा हेर्ने अधिकारीलाई धरौटी माग्ने र धरौटी दिन नसके थुनामा राख्ने आदेश गर्ने अधिकार वैध कानून (Valid Law) अ.बं. ११८ को देहाय ८ ले प्रदान गर्दछ । यसरी वैध कानून (Valid Law) अन्तर्गत प्राप्तअधिकार प्रयोग गरी रु.५,०००।- धरौटी माग्दा धरौटी नदिएको कारणबाट राखिएको थुनालाई गैरकानूनी थुना वा कानून विपरीतको थुना भन्न नमिल्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल वैशाख २१ गते रोज शुभम् ।

**इजलास नं. ५**

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको स.फौ.पु.वे.नं.५६२, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. गोमा बस्नेत*

नेपालमा कुनै पनि प्रकारबाट वेश्यावृत्ति गर्न पाइने अवस्था छैन । रकम दिनु तथा कसैलाई नभन्नु, राम्रो खान पाइन्छ, पैसा पाइन्छ भन्ने जस्ता कुराहरू गर्नु नै ललाई फकाईको दर्जामा पर्ने कुराहरू हुन् । यसैगरी यदि कसैलाई भनिस् भने तँलाई कसैले पनि विवाह गर्दैन भनी करणीको तथ्यलाई प्रकाशमा ल्याउन नदिने कार्यलाई डरत्रास तथा अनुचित प्रभावमा पारेको मान्नुपर्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम्

**इजलास नं. ६**

**१.**

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रणबहादुर बम**, २०६१ सालको दे.पु.नं. ९०९३ र ९०९५, वण्डापत्र लिखत बदर, *मनोजकुमार श्रेष्ठ समेत वि. केदारदास श्रेष्ठ*

२०४८ सालमै वण्डापत्रको लिखत पारित गरेको भए तापनि सो वण्डापत्रअनुरूप व्यवहार नगरी एकासगोलको बाबु र अन्य प्रतिवादीहरू एकासगोलको छोरा देखाई अन्तर्साक्षी बसी अचल सम्पत्ति बेचबिखन गरिआएको देखिँदा वादीको अंश हक मेट्ने उद्देश्यलेसम्म प्रतिवादीहरूले आपसमा अंश लिए दिएको वण्डापत्रको लिखत खडा गरेको देखिन आएकोले वादीको आधा अंश हकसम्मको वण्डापत्र लिखत बदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्यूटरः अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

**२.**

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको फौ.पु.नं. १८६, *नेपाल सरकार वि. साङ्लेल तामाङ*, संवत् २०६५ सालको साधक नं. ०४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धोम्बा तामाङ*

प्रत्यक्षदर्शी भनिएका चश्मदीद साक्षीले मौकामा व्यक्त गर्न नसकेको कुरालाई अदालतमा बकपत्र गर्दा मात्र व्यक्त गरेको अवस्थामा विश्वासिलो प्रमाणको रूपमा ग्रहण गर्न नसकिने ।

शंकारहित ठोस सबुत प्रमाणको अभावमा अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम् ।

**३.**

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको फौ.पु.नं. ०६३-CR-०४२९, *जबरजस्ती चोरी, नेपाल सरकार वि. लाक्पा तामाङ*

प्रतिवादीले मागेको सापटी रकम जाहेरवाला पतिले हुन्छ-हुन्छ भन्दै निजलाई नदिई देखाउँदै राख्दै गरेको क्रियाबाट आफूलाई जिस्क्याएको महसूस गरी मादक पदार्थको नसाको सुरमा रूपैयाँ खोसी हिडेकोसम्म देखिन आएबाट प्रतिवादीको उल्लिखित कृत्यबाट जबर्जस्ती चोरी नभई लुटपीटको वारदातसम्म कायम हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्यूटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम् ।

४.

**मा.न्या. दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०५९सालको फौ.पु.नं.२८५९ *कीर्ते, धनकुमारी सेढाई वि.जमानादेवी थेवे*

विवादित लिखतको सहिछापसमेत विशेषज्ञबाट जाँच गराई प्रमाण बुझिसकेको अवस्थामा पछि फिराद खारेज गरेको फैसला बदर हुने भै पुनः इन्साफ गर्नुपर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्यूटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ८०३२, लिखत दर्ता बदर दर्ता कायम, *धनकुमारी सेढाई वि. जयना देवी थेवे* मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

५.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०४५३, मोही प्रमाणपत्र, *विष्णुदेवप्रसाद यादव वि. चन्द्रदेव यादव*

बाबुको शेषपछि मोहियानी हक छोरालाई नै प्राप्त हुने देखियो । तसर्थ साविक कि. नं. १३७ को जग्गाबाट कित्ताकाट भई कायम भएको दावीको जग्गाको मोहियानी हक निजको शेषपछि भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसार निजका छोराका नाममा नामसारी गरी निजले मोही हकको प्रमाणपत्र समेत पाउने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्यूटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ ८ गते रोज ६ शुभम् ।

६.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ०६३ CI-०९९१, घर खाली गराई चलन चलाई पाऊँ, *कृष्णदास कर्माचार्य समेत वि. उद्धवलाल पुलाछो*

विवादको घर वादीले दावीबमोजिम निखनाई पाउने ठहरेपछि सोही घरमा रहेको प्रतिवादीहरूको भोगचलन कायमै राख्नु संगतपूर्ण नहुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्यूटर सेटिङ्गः अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको स.फौ.पु.नं. २०६३-CR-०६४१, सवारी दुर्घटना, *नेपाल सरकार वि.राजेश श्रेष्ठ समेत*

चालकले अनुसन्धानको क्रममा र अदालतमा समेत वयान गर्दा आफूले चलाएको सवारी दुर्घटना भै पीडितहरू उपर चोटपटक लागेको भन्ने हदसम्मको कुरालाई स्वीकार गरी वयान गरेको र सोलाई समर्थन हुने गरी अदालतमा उपस्थित भै जाहेरवालाले गरिदिएको वकपत्र र अन्य मौकाको कागज गर्ने मानिसहरू समेतको कथनबाट समेत समर्थन भएको अवस्थामा मिसिल संलग्न रहेका

प्रमाणहरूबाट प्रतिवादी कसूरदार होइनन् भन्न सकिने अवस्था नरहने ।
इजलास अधिकृतःहेमबहादुर सेन
कम्प्यूटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल वैशाख २७ गते रोज २ शुभम्

८.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६४-ci-०१६७, लिखत दर्ता बदर, *हरिश्चन्द्र प्रजापति वि. ज्वालाकुमार प्रजापति समेत*

मुद्दा पर्दा पर्दैको अवस्थामा विवादको सम्पत्ति हक हस्तान्तरण गरिदिएको कार्य आफैमा तर्कसंगत नदेखिने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्यूटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम् ।

९.

**मा.न्या. दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०२९२ छुट जग्गा दर्ता नामसारी, *कृष्णप्यारी श्रेष्ठ समेत वि. कवीरमान अमात्य*

पुनरावेदन अदालतको फैसलाअनुसार म्यादैभित्र हक कायमतर्फ दुबै पक्ष जिल्ला अदालतमा गई फिराद तथा प्रतिउत्तर समेत परिसकेको भन्ने अवस्था देखिँदा यो पुनरावेदन पत्रको औचित्य नरहने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम् ।

१०.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६३ सालको दे.पु.नं.०६३-CI–०८०१, *जौमाया गुरुङ वि. मोहन अर्याल*

निषेधाज्ञाको आदेश जारी हुने अवस्था भनेको आफ्नो विर्विवाद हक भएको अवस्थामा अरुद्वारा हस्तक्षेप, अतिक्रमण, प्रयोग गर्न लागेको आशंकाको अवस्थामा नगर्नु नगराउनु भनी अदालतद्वारा स्थायी रूपमा जारी हुने हो । तर उल्लिखित घरजग्गा यी निवेदकको नभै विपक्षीकै निर्विवाद हक स्वामित्व भएको जग्गा हुँदा उक्त जग्गा बिक्री वितरण वा हक हस्तान्तरण गर्न नपाउने गरी स्थायी रुपको आदेश अदालतद्वारा जारी गर्न सिद्धान्ततः मिल्ने नदेखिने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम्

११.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६२ सालको दे.पु.नं. ८५५४, निषेधाज्ञा, *शिबबहादुर के.सी. वि.रत्नकुमारी श्रेष्ठ*

साविकदेखि नै आवत-जावत गर्ने ३ फीटको बाटो रहेको कुरा निर्विवाद रूपमा स्थापित भएको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने ।
इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल वैशाख ३१ गते रोज ५ शुभम्

**१२.**

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६४ सालको स. फौ.पु.नं. ०६४-CR-०२५०, कर्तव्य ज्यान, *भूमिराज कार्की वि. नेपाल सरकार*

आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी पूर्ण रूपमा निजको मानसिक सन्तुलन गुमेको अवस्था थियो भन्ने स्वयं प्रतिवादीको वयानबाट समेत नदेखिँदा वारदात हुँदाको अवस्थामा प्रतिवादीको मानसिक अवस्था पूर्णतः अनियन्त्रित

एवं गुमेको रहेछ भनी प्रतिवादीलाई सजायबाट उन्मुक्ति दिन सकिने अवस्था नदेखिने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम्

१३.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको स.फौ.पु.नं. ३२१९, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. होमनाथदास समेत*

ज्यानै मारौं भन्ने नियत लिई अभियोग दावी बमोजिमको कसूर गरेको पुष्टि नभएकोले र वारदातको प्रकृतिबाट कुटपीटको वारदातसम्म भएको देखिएकोले ज्यान मार्ने उद्योगको कसूरबाट सफाई पाउने ठहराई कुटपीटमा परिणत हुने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम्

१४.

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६५ सालको फौ.पु.नं.०७०८, कर्तव्य ज्यान, *खकुमारी वि. नेपाल सरकार*

मर्नुअघि होस छँदै मृतकले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा र कुनै घटनाका सम्बन्धमा सो घटनाबाट पीडित मानिसले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० र ११ अनुसार प्रमाणमा लिन मिल्ने नै देखिने ।

उमेर नपुगेका बालबालिकाको पूर्ण रूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिससरह आपराधिक मस्तिष्क (Mens Rea) को विकास समेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिससरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वताउपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best Interest) का लागि आवश्यककता अनुसार उन्मुक्ति, छुट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनु पर्दछ भन्ने बालविधिशास्त्रको स्थापित विश्वव्यापी मान्यताअनुरूप प्रस्तुत मुद्दामा प्रतिवादी खकुमारीलाई ५ (पाँच) वर्ष कैदको सजाय गर्दा बालविधिशास्त्रको मकसद समेत पूरा हुने भएकोले अ.बं. १८८ नं. अनुसार निजलाई वर्ष ५(पाँच) कैद सजाय हुने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६५ साल चैत १२ गते रोज ४ शुभम् ।

१५.

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री गिरीशचन्द्र लाल**, २०६४ सालको फौ. पु.नं. ५५४, कर्तव्य ज्यान, *मीनाकुमारी भारती समेत वि. नेपाल सरकार*

आरोपित कसूर प्रति यी प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहेका र सोको परिपुष्टिको निमित्त उल्लिखित Atopsy Report, लास जाँच मुचुल्का, एवं बुझिएका अन्य मानिसहरूको बकपत्रसमेतका स्वतन्त्र प्रमाणहरूबाट समर्थन गरिरहेको समेतका आधार प्रमाणहरूबाट प्रतिवादीले आरोपित कसूर गरेको ठहरी निजहरूलाई अभियोग माग दावीबमोजिम सजाय हुने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटर :अमिररत्न महर्जन
इति संवत् २०६५ साल चैत १२ गते रोज ४ शुभम् ।

१६.

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८८९९, अंश दर्ता, *अशोककुमार शाह वि. उर्मीला शाह*

एकासगोलको वण्डा लाग्ने सम्पत्ति बाबुले एकासगोलमा बसेका कुनै छोरालाई बकस गरिदिएबाट अन्य समान अंशियारहरूको सो सम्पत्तिउपरको अंश हक समाप्त भएको मान्न न्यायोचित नहुने तथा सगोलको वण्डा लाग्ने सम्पत्ति जुनसुकै अंशियारका नाममा कायम रहन गए पनि सो सम्पत्ति निजको एकलौटी हो भनी अनुमान गर्न समेत कानूनसँगत नहुने हुँदा सो सम्पत्ति सबै अंशियार बीच स्वतः वण्डा लाग्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः अमीररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख १६ गते रोज ४ शुभम् ।

१७.

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८८९८, शेषपछिको बकसपत्र बदर, *अशोककुमार शाह वि.लालबाबुप्रसाद शाह समेत*

अंश मुद्दा दायर गरिसकेपछि फैसला नहुँदै आफ्नो अंश भागमा पर्न आउने सम्पत्ति शेषपछिको बकसपत्र गरिदिन नपाउने गरी दाता कृतरामलाई कानूनले रोक लगाएको पाइँदैन । दानबकसको १ नं. तथा अंशबण्डाको १९(४) नं. अनुसार आफ्नो अंश भागमा पर्ने सम्पत्ति निजले नातिहरूलाई शेषपछिको लिखत गरिदिन पाउने नै देखिने ।

इजलास अधिकृतः मातृकाप्रसाद आाचार्य
कम्प्यूटरः अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख १६ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ९३८३, निर्णय दर्ता बदर जग्गा हक कायम खिचोला, *भुवानी राजभाट वि.प्यामबहादुर राजभाट*

वादीका बाबुका नाममा नापी भएको कि.नं.१०४ को जग्गा आफ्नो जीवनकालमा नै अरुले दर्ता गराई लिएकोमा सो जग्गा आफ्नो हक भोगको रहेको भए पनि आफू जीवित रहेको अवस्थामा नै यी वादीका बाबु स्वयंले आफ्नो हक कायम गराई लिनुपर्नेमा सो गराएको देखिएन । निजको मृत्युपछि यी वादीले पनि पिताको नामको जग्गा, २०४३ सालमा नामसारी गराउँदा थाहा पाउनुपर्ने मनासिव र तथ्ययुक्त कारण र अवस्था हुँदाहुँदै सोही मितिदेखि ऐनको हदम्यादभित्र नालेश नगरी मालपोत कार्यालयको निर्णय बदर गरी पाउन हदम्याद नघाई २०५४ सालमा मात्र दाबी गरेकोले त्यस्तो हदम्याद नाघेको फिरादको आधारमा सो निर्णय बदर गर्न नमिल्ने भै फिराद खारेज हुने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कम्प्यूटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६५ साल चैत २५ रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०८४०, उत्प्रेषणयुक्त परमादेश, *सुवासचन्द्र आचार्य वि.नेपाल बैंङ्क लि. समेत*

फरक फरक कसूरमा कसूरको मात्राअनुसार फरक-फरक सजाय हुनु स्वाभाविक नै हुने । नेपाल बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम १२, ११ र अनुसूची २४ बमोजिम प्रमुख मानवस्रोत विभागबाट पद घटुवासम्बन्धी कारवाही र सजाय गर्न पाउने गरी तोकिएबमोजिम सजाय गर्न पाउने सोही अधिकारीबाट २०६२।७।२२ मा निर्णय भई स्पष्टीकरण माग गरेको देखिएकोले सो

निर्णयबमोजिम भनी अन्य कसैले पत्र लेखेको देखिँदा त्यस्तोमा सोही सजाय गर्न पाउने अधिकारीबाट नै स्पष्टीकरण माग गरेको सम्झन पर्ने साथै असमान आरोपमा असमान रूपमा कसूरको मात्रा अनुसार यी निवेदकलाई पद घटुवा गर्ने सजाय गरेकालाई कानून विपरीत भएको मान्न नमिल्ने ।

इजलास अधिकृतः शिशिरराज ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६५ साल चैत ११ गते रोज ३ शुभम् ।

**इजलास नं. ९**

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९-दे.पु.नं.७८२४, अंश नाता कायम, *टंकबहादुर बस्नेत वि.जनककुमारी कार्की*

वादीको पुनरावेदन परी यस अदालतबाट फैसला भई अन्तिम भई बसेको स्थितिमा प्रस्तुत मुद्दामा पनि पुनरावेदन अदालतले गरेको प्रत्यर्थी वादीले ४ भागको एक भाग अंश पाउने गरी भएको फैसला सदर हुने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल चैत २६ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको रि.नं.३०६१, उत्प्रेषणयुक्त आदेश वा अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ, *आशाराम चौधरी वि.जिल्ला प्रशासन कार्यालय, सुनसरी समेत*

नातामा विवाद उत्पन्न भई तत्सम्बन्धमा जिल्ला अदालतसमक्ष अंश मुद्दा र जालसाजी मुद्दा नै विचाराधीन रहे भएको अवस्थामा सो मुद्दालाई नै प्रभाव पार्ने गरी जिल्ला प्रशासन कार्यालयबाट भएको नागरिकता बदरसम्बन्धी निर्णय क्षेत्राधिकारको अभावमा कानूनको त्रुटि भएको देखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल चैत २६ गते रोज ४ शुभम् ।

यस्तै प्रश्न संलग्न निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२-दे.पु.नं.८६७७, अंश चलन, *आशाराम चौधरी वि.जयनारायण चौधरी*
- २०६२-फौ.पु.नं.३६०७, कीर्ते जालसाजी, *आशाराम चौधरी वि.जयनारायण चौधरी*

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं.९२४८, राजीनामा लिखत पारित गरी दर्ता नामसारी गरिपाऊँ, *इन्द्रजीत दुवे वि. राजेन्द्रप्रसाद पाण्डे समेत*

पेश भएको लिखतमा लागेको ल्याप्चे सहिछाप नै प्रष्ट नभई कीर्ते नछुट्टिएको अवस्थामा सो लिखतले कुनै कानूनी हैसियत प्राप्त गरेको अवस्था समेत विद्यमान नहुँदा सद्दे वा जालसाजी घोषित गरिरहनुको कुनै औचित्य देखिन नआउने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं.९२४६ र ९२४७, घरसारी राजीनामा लिखत पारित गरी हक कायम गरी नामसारी गरिपाऊँ, *इन्द्रजीत दुवे वि.राजेन्द्रप्रसाद पाण्डे*

लिखतमा लागेको ल्याप्चे सहिछाप नै प्रष्ट नभई सद्दे कीर्ते नछुट्टिने स्थितिको रहेको अवस्थामा सो लिखतले कुनै कानूनी मान्यता प्राप्त गर्नसक्ने अवस्था समेत विद्यमान नभएको अवस्थामा सो

लिखतलाई सद्दे वा जालसाजी घोषित गरिरहनु पर्ने कुनै औचित्य देखिन नआउने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२-दे.पु.नं.९८२५, कित्ताकाट दर्ता समेत, *हरिबहादुर नकर्मी वि.शिवबहादुर नकर्मी*

कानूनबमोजिम क्षेत्राधिकार सम्पन्न अदालतमा उपचारका लागि कानूनबमोजिम नालेस लिई प्रवेश गरेको पक्षलाई अन्य निकायले समेत उपचार प्रदान गर्नसक्ने भन्ने कारण देखाई इन्साफ दिन इन्कार गरी सो जग्गा कित्ताकाट गर्न मिल्दैन भन्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल माघ २६ गते रोज १ शुभम्

६.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५८ सालको दे.पु.नं.७१२६, सार्वजनिक कायम गरी, *भोनु चौधरी वि.छोटक चमार*

कुनै पनि सरकारी आधिकारिक निकायहरूको स्रेस्तामा नै नजनिएको दर्ता स्रेस्तालाई दूषित रूपमा भएको दर्ता मान्नुपर्ने हुँदा यथेष्ट सवूत प्रमाणको अभावमा कुनै पनि सार्वजनिक सम्पत्ति कसैको नाउँमा दर्ता कायम रहने अवस्था नरहने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६५ साल फागुन १३ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको स.फौ.नं.३४९ र ३५०, *शोभादास वि.सन्तोषी दास,* सम्बन्धविच्छेद् अंश, *प्रमोद दास वि.सन्तोषी देवी दास*

वादीको प्रतिवादीसँग सम्बन्धविच्छेद् हुने र अंशसमेत पाउने ठहर गरेको शुरुको इन्साफ सदर हुने र तायदाती फाँटवारीमा उल्लिखित ऋणको हकमा शुरु जिल्ला अदालतको फैसलामा केही नबोलिएकोले सो हकमा साहूको उजूर परेका बखत ठहरेबमोजिम हुने भनी सो हदसम्मको इन्साफ केही उल्टी हुने ।

इजलास अधिकृतः दीपककुमार खरेल ।

इति संवत् २०६५ साल फागुन २३ गते रोज शुभम

८.

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं.४७६, अंश, *राम एकवाल राय यादव वि.राम विश्वास राय यादव समेत*

निजी तवरबाट बकसपत्रद्वारा प्राप्त हुन आएका जग्गाहरू अंशवण्डाको १८ र १९ नं. लेनदेन व्यवहारको १० नं. तथा दान बकसको १ नं. समेतबाट आफूखुश गर्न पाउने निजी तवरमा आफूखुश गर्न पाउने सम्पत्तिबाटै छोरीलाई हालैको बकसपत्र गरिदिएको जग्गा अंशवण्डाको १८ नं. ले छोरीको निजी ठहरी वण्डा गर्न कर नलाग्ने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति संवत् २०६५ साल फागुन २३ गते रोज शुभम ।

९.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री सुशीला कार्की,** २०६० सालको दे.पु.नं. ८३४१, जग्गा खिचोला हक कायम समेत, *घनश्याम कोइराला समेत वि. थमनारायण कोइराला समेत*

सर्जमिनबाट समेत सो जग्गा अपुतालीबाट आएको भन्ने भनाईका आधार समेतबाट जग्गा नाप जाँच ऐनबमोजिम यी पुनरावेदक प्रतिवादीहरूका नाउँमा दर्ता हुने ।

इजलास अधिकृतः दीपककुमार खरेल

इति संवत् २०६५ साल चैत ४ गते रोज ३ शुभम् ।

**इजलास नं. १०**

**१.**

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** संवत् २०६५ सालको फौ.पु.नं. ०३३ कर्तव्य ज्यान, *गुणबहादुर मोक्तान समेत वि. नेपाल सरकार*

मृतकलाई प्रतिवादीहरूले लखेट्दै लगेर लट्ठीले मारेको कुरामा निजहरू सावित छन् । प्रतिवादीहरूको सो साविती अन्य प्रमाणहरूबाट समर्थित पनि भइरहेकोले प्रमाणमा लिन योग्य छ । यिनै प्रतिवादीहरूले आरोपित कसूर गरेका हुन् भन्ने कुरामा कुनै शंका नरहेकाले कसूरका लागि कानूनले निर्धारित गरेको सजाय यी प्रतिवादीहरूले पाउनु, व्यहोर्नु पर्ने नै हुन्छ । सावालक नभएको कारणले मात्र यी प्रतिवादीहरूले गरेका सवै कसूर क्षम्य हुन नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

२.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको फौ.पु.नं. ७७३ कर्तव्य ज्यान, शम्सेरबहादुर क्याप्छाकी मगर वि. नेपाल सरकार, २०६४ सालको साधक नं. ८९, *नेपाल सरकार वि. शम्सेरबहादुर क्याप्छाकी मगर*

अरु अवस्थामा सामान्य जीवन बाँच्ने मानिसले कुनै अपराध गरेपछि मानसिक अवस्था ठीक नभएको भन्ने आधारमा आपराधिक कार्यको सजायबाट बच्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

३.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, २०६५ सालको फौ.पु.नं. ८२८ कर्तव्य ज्यान, *सुकलाल तामाङ वि. नेपाल सरकार*

सावितीलाई वस्तुस्थिति मुचुल्का, मौकामा कागज गर्नेहरूको अदालतसमक्षको बकपत्र, लाश प्रकृति मुचुल्का र पोष्टमार्टम रिपोर्ट समेतबाट पुष्टि हुन आएको देखिँदा आरोपित कसूर अपराधबाट सफाई पाउन सक्ने अवस्था नदेखिँदा मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

**४.**

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको फौ.पु.नं.७१७ र ७१८, कर्तव्यज्यान, *किसान कार्की वि.नेपाल सरकार एवं फूलमाया सर्किनी वि. नेपाल सरकार*

मृतकलाई बन्चरोले हानी मर्न लागेपछि ज्यान मारेको अपराधबाट बच्न मृतकले आत्महत्या गरी मरेकी हुन भन्ने भ्रम पार्न रातो भीरबाट फाली दिएको हुँदा कर्तव्यबाटै देवी सर्किनीको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद सजाय हुने र प्रतिवादी उमादेवी भन्ने फुलमाया सर्किनीलाई सोही महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको

दे.पु.नं.९६०८, हक कायम, *देवनारायण यादव समेत वि.बच्चादेवी ब्राह्मणी समेत*

नापीको समयमा कुनै जग्गा नापजाँच हुँदा सार्वजनिक वा सरकारी भनी जनिदैन भने सो जग्गाहरू स्वभावतः कुनै व्यक्तिको प्रत्यक्ष भोगमा रहेको भन्ने अनुमान गर्नुपर्ने र त्यस्तो भोग साविक दर्ता स्रेस्ता प्रमाणबाट पुष्टि हुनुपर्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल जेठ ११ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको दे.पु.नं.९६०७, हक कायम, *देवनारायण यादव समेत वि.बच्चादेवी ब्राह्मणी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको स.फौ.पु.नं.३७२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि.निरन्जन ठाकुर लोहार*

प्रतिवादी वीरेन्द्र किशोर भन्ने निरञ्जन ठाकुरले नै पूर्व रिसइवीको कारण ज्यानै मार्ने नियतले शम्भुप्रसाद चौहानलाई बन्दुकबाट फायर गरी हत्या गरेको शंकारहित र पर्याप्त प्रमाण देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादी वीरेन्द्र किशोर भन्ने निरञ्जन ठाकुरले ज्यानसम्बन्धी महलको १ नं. र ऐ.१३ (१) नं.को कसूर गरेकोले सोही १३(१) नं. बमोजिम निजलाई सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल चैत १७ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको स.फौ.पु..नं.३६६१, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि.रामदेव साह तेली समेत*

कुनै पनि वारदात कुटपीटभित्र पर्ने वा कर्तव्य ज्यान हुने भन्ने भिन्नता छुट्टयाउने मापदण्ड भनेको वारदातको प्रकृति एवं त्यसमा संलग्न व्यक्तिहरूको मनसाय हुँदा समग्र विश्लेषण गर्दा ज्यान लिने उद्देश्यबाट पीडितहरू माथि आक्रमण गरिएको भन्ने कुराको पुष्टि हुन सकेको देखिएन । त्यसकारण त्यस्तो वारदातको सम्बन्धमा ज्यानसम्बन्धीको महल नभई मुलुकी ऐन कुटपीटको महल आकर्षित हुने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति संवत् २०६५ साल चैत १७ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६१ सालको दे.पु.नं.८९३७, मिलापत्र बदर, *मोहननारायण सरदार वि.जगतकुमारी डंगोल समेत*

हकदैया नभएको व्यक्तिले दिएको उजूरीबाट ठहर निर्णय गर्न नमिल्ने हुनाले दावी खारेज हुने । यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं.८९३८, मोही नामसारी गरी प्रमाणपत्र पाऊँ, *मोहन नारायण सरदार वि.जगतकुमारी डंगोल*
- २०६१ सालको दे.फौ.पु.नं.३३६६, जालसाज, *मोहननारायण सरदार वि.राजकुमार डंगोल समेत*

## एकल इजलास

१.

**मा.न्या. श्री मीनबहादुर रायमाझी,** २०६५ सालको रिट नं.WO ०६१२ उत्प्रेषणयुक्त परमादेश, *ओमराज आले वि.सूर्यलाल अमात्य समेत*

निवेदनमा निर्वाचनमा उल्लेख भएका व्यहोरा निवेदकको भनाई सिवाय अन्य कुराबाट पुष्टि हुन नसकेको अवस्थामा त्रिभुवन विश्व विद्यालय शैक्षिक प्रशासन नियमावलीको कानूनी व्यवस्था विपरीत के कस्तो कारण निर्वाचन गैरकानूनी भएको स्वयमले भन्न नसकेको समेतबाट प्रथम दृष्टिबाट नै निवेदकको मागबमोजिम आदेश जारी हुन नमिल्ने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६५ साल चैत २४ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६५ सालको रिट नं.WO ०६१३, उत्प्रेषणयुक्त परमादेश, *मेनुका बराल वि.सूर्यलाल अमात्य समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी**, २०६५ सालको रिट नं.०५७२, उत्प्रेषण, *योगेन्द्र यादव वि.नेपाल बैंक लिमिटेड*

अवकासपश्चात् पाउनु पर्ने रकम पाए नपाएको वा यो यति रकम पाउनु पर्ने भनी निवेदनमा माग गरे जस्तो गरी निजले पाउने हिसाब रकमको सम्बन्धमा तथ्यभित्र प्रवेश गरी रिटक्षेत्रबाट हस्तक्षेप गर्नु उपयुक्त नहुने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६५ साल चैत १६ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी,** संवत् २०६५ सालको रिट नं.०६०१, उत्प्रेषण, *फत्तकुमारी सुवेदी समेत तथा पुनरावेदन अदालत हेटौंडा समेत*

जसको जुन कुरामा हक पुग्छ सो कुरामा दावी गरी नालिस दिए मात्र लाग्छ भन्ने अ.वं.८२ नं. मा प्रयुक्त वाक्यांशले हक पुगी नसकेको विषयमा खिचोलातर्फको फिराद दर्ता गर्न नमिल्ने भनी दरपीठ भएको आदेश कानूनको व्यवस्था विपरीत भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६५ साल चैत २० गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री मीनबहादुर रायमाझी,** २०६५ सालको रिट नं.WO-०५७३, उत्प्रेषण, *शेख जब्बार वि.रौतहट जिल्ला अदालत समेत*

जग्गाको मूल्याङ्कन मुचुल्का तह-तह परीक्षणसमेत भैसकेको अवस्थामा पुनः यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत पर्न आएको निवेदनको विषयमा फैसला कार्यान्वयनको कार्यमा हस्तक्षेप हुने गरी मागबमोजिम आदेश जारी गर्नु उपयुक्त नभई प्रस्तुत विवादको सम्बन्धमा लिलामको कारवाही बाँकी रहेको भन्ने निवेदन व्यहोरामा उल्लेख गरेको देखिएको र लिलामको काम कारवाहीमा कानून र कार्यविधिगत त्रुटि गरी लिलाम भएको अवस्था भए सो लिलामको कारवाहीउपर कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा विगोको कारवाहीलाई नै प्रभाव पर्ने गरी प्रस्तुत निवेदनबाट हस्तक्षेप गर्नु उपयुक्त नहुने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६५ साल चैत १६ गते रोज १ शुभम्

**५.**

**मा.न्या.श्री मीनबहादुर रायमाझी,** २०६५ सालको रिट नं.WO-०६६९, उत्प्रेषण, *जगतवीर श्रेष्ठ समेत वि.भक्तपुर जिल्ला अदालत समेत*

जग्गाको विषयमा हकबेहकको विवाद उठी हक कायम हुने नहुनेतर्फ तथ्य प्रमाण बुझी फैसला गर्नुपर्ने विषयमा हदवन्दी विषयको विवादको निरुपण भइसकेपछि जगाई कारवाही

गर्ने भनी मुल्तवी रहेको विषयमा यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी तत्काल मुल्तवी मुद्दा जगाई कारवाही गर्नु भनी मुद्दाको कार्यविधिको विषयमा असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गर्न उपयुक्त नहुने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६६ साल वैशाख १३ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री अनूपराज शर्मा**, रिट नं.-WO-०७२४ उत्प्रेषणयुक्त परमादेश, *भोला मिया अन्सारी समेत वि. आस मोहमद मुसलमान समेत*

आदेश गर्ने सम्बन्धित पदाधिकारीलाई विपक्षी नै नबनाएबाट उक्त आदेशसँग सम्बन्ध नराख्ने विपक्षीहरूबाट लिखित जवाफ माग्नुको औचित्य नरहने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

७.

**मा.न्या. श्री ताहिर अली अन्सारी**, ०६५-AP-०२५५, करारबमोजिम हरहिसाव गरिपाऊँ, *राजबहादुर चन्द वि. ए-वान ट्रेडिङ्ग कम्पनी प्रा.लि.*

शुरुले दावी नपुग्ने ठहराएको फैसला उपर परेको पुनरावेदनमा दावी खारेज हुने ठहरी पुनरावेदन अदालतबाट फैसला भएको हुँदा त्यसउपर यस अदालतमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार पुनरावेदन दर्ता गर्न नमिल्ने भनी गरिएको दरपीठको आदेशमा कानूनी त्रुटि नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वर उपाध्याय

इति संवत् २०६६ साल असार २९ गते रोज शुभम् ।

- यस्तै विषयवस्तु समावेश भएको २०६५ साल-AP-०२५६, *शेरजंगबहादुर चन्दको* मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या. श्री ताहिर अली अन्सारी**, ०६५-WO-१०४०, प्रतिषेध समेत, *श्रीधरप्रसाद खतिवडा वि.रामकुमार गुप्ता रौनियार समेत*

कुनै व्यक्तिको अदालतमा कनै मुद्दा छ वा दुई पक्षबीच कुनै मुद्दा अदालतमा विचाराधीन रहेकै कारण त्यस्तो व्यक्ति वा व्यक्तिहरूका सम्बन्धमा अदालतमा मुद्दा परेको विवाद बाहेकका बिषय वा कुनै अपराधको सम्बन्धमा खोजविन वा अनुसन्धान तथा शान्ति सुरक्षा कायम गर्ने जस्तै कानूनी दायित्व सम्बन्धित निकायले पूरा गर्नै नपाउने भन्ने होइन ।

एउटा मुद्दा अदालतमा विचाराधीन रहकै अवस्थामा सोही विषयवस्तुलाई आधार बनाई एक माथि अर्को मुद्दा थप्दै जाने कार्यलाई उचित मान्न नसकिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार २९ गते रोज २ शुभम्

यस्तै विषयवस्तु समावेश भएका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५-WO-१०४१, *शंकर हालन वि.रामकुमार गुप्ता रौनियार समेत*
- २०६५-WO-१०४२, *नरेन्द्रकमुार केडिया वि.रामकुमार गुप्ता रौनियार समेत*

## सर्वोच्च अदालत गतिविधि

### न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना अनुमोदन

सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीको अध्यक्षतामा २०६६ साल असार ३१ गते बसेको सर्वोच्च अदालतको पूर्ण वैठकले न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६-२०७१) अनुमोदन गरेको छ । न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना २०६१/२०६२-२०६५/२०६६ को कार्यान्वयन सम्पन्न गर्दै न्यायपालिकाको दोस्रो योजना तर्जुमा गरिएको हो । न्यायपालिकाको आफ्नै स्रोत साधन र जनशक्तिबाट तर्जुमा गरिएको यो योजना २०६६ साल साउन १ गतेदेखि लागू हुनेछ । दोस्रो योजनाले आ.व. २०६६/२०६७ देखि २०७०/२०७१ को समयावधिलाई समेटेको छ ।

योजनामा प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको उपलब्धि एवं कमी कमजोरीहरूको समीक्षा गर्दै परिवर्तित सन्दर्भमा समेत न्यायपालिकाको जिम्मेवारी र यससमक्ष उत्पन्न चुनौतीहरूको मूल्याङ्कन गरी न्यायपालिकाले सम्बोधन गर्नुपर्ने क्षेत्रहरू पहिचान गरिएको छ । योजना अवधिमा न्यायपालिकाको काम कारवाहीमा देख्न सकिने गरी सुधार भएको अनुभूति दिलाउनु दोस्रो योजनाको आधारभूत उद्देश्य रहेको छ ।

दोस्रो योजना तर्जुमाको लागि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा योजना तर्जुमा समिति र योजना तर्जुमा समितिका सदस्य डा.आनन्दमोहन भट्टराईको संयोजकत्वमा पूर्णकालीन कार्य समूह गठन भएको थियो । योजना तर्जुमा समिति र कार्य समूहका सदस्यहरूको नामावली देहायबमोजिम छः-

**योजना तर्जुमा समिति**

१) माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ,
सर्वोच्च अदालत - संयोजक
२) माननीय न्यायाधीश डा.आनन्दमोहन भट्टराई
पुनरावेदन अदालत, पाटन- सदस्य
३) रजिष्ट्रार डा.रामकृष्ण तिमल्सेना
सर्वोच्च अदालत - सदस्य
४) माननीय जि.न्यायाधीश श्री विनोदप्रसाद शर्मा
रसुवा जिल्ला अदालत - सदस्य
५) सह सचिव श्री आत्माराम पाण्डे, प्रतिनिधि
राष्ट्रिय योजना आयोग- सदस्य
६) सह सचिव श्री रणबहादुर श्रेष्ठ, प्रतिनिधि,
अर्थ मन्त्रालय - सदस्य
७) सह रजिष्ट्रार श्री विनोद शर्मा
अनुसन्धान तथा योजना महाशाखा - सदस्य सचिव

**कार्य समूह** (पूर्णकालीन)

१) माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
पुनरावेदन अदालत, पाटन - संयोजक
२) माननीय जि. न्यायाधीश श्री विनोदप्रसाद शर्मा
रसुवा जिल्ला अदालत - सदस्य
३) सह सचिव श्री नहकुल सुवेदी
न्याय परिषद् सचिवालय - सदस्य
४) सह रजिष्ट्रार श्री विनोद शर्मा
अनुसन्धान तथा योजना महाशाखा - सदस्य सचिव

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा ९ वटा परिच्छेद् र विभिन्न

अनुसूचीहरू रहेका छन् । पहिलो योजनाले निर्धारण गरेको परिदृष्य र परिलक्ष्यलाई यथावत राख्दै मूल्यहरूमा केही परिमार्जन गरिएको छ। प्रथम योजनाबाट हासिल भएका उपलब्धिको समीक्षा गर्दै न्यायपालिकाको वर्तमान अवस्थाको वस्तुस्थिति विश्लेषण गरिएको छ। योजनाले न्याय निरुपण, फैसला कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनलाई मूल कार्यको रुपमा पहिचान गरेको छ।

न्याय निरुपण गर्ने कार्यअन्तर्गत सबै रिट निवेदनहरू दर्ता भएको मितिले एक वर्षभित्र फछ्र्यौट गर्ने, वक्यौता रिट निवेदनको संख्या प्रति वर्ष १५ प्रतिशतको दरले न्यून गर्ने, सबै मुद्दाहरू कानूनको म्यादभित्र फछ्र्यौट गर्ने र कुनै पनि हालतमा दुई वर्ष नाघ्न नदिने तथा योजना अवधिमा ५० प्रतिशतले वक्यौता कम गर्ने नतिजा परिसूचक निर्धारण गरिएको छ। फैसला कार्यान्वयन गर्ने कार्यअन्तर्गत फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू ६ महिनाभित्र फछ्र्यौट गर्ने, कुनै हालतमा पनि एक वर्ष नाघ्न नदिने, योजनावधिमा वक्यौता निवेदनहरू ७५ प्रतिशतले न्यून गर्ने, प्रत्येक वर्ष कम्तीमा सो वर्ष बढ्न सक्ने दण्ड जरीवानाको लगत बराबरको दण्ड जरीवाना असूल गर्ने, योजना अविधिमा बेरुजु दण्ड जरीवानाको लगतमा २५ प्रतिशतले कमी गर्ने, सार्वजनिक सरोकारका विषयहरूमा जारी भएका आदेशहरू आदेशमा उल्लिखित समयावधिभित्र कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

सुपरिवेक्षण तथा अनुगमन कार्यअन्तर्गत आवधिक रुपमा आन्तरिक निरीक्षण गर्ने, निरीक्षणबाट औंल्याइएका त्रुटिहरू तत्काल सुधार गर्ने र प्रत्येक वर्ष कम्तीमा एक पटक मातहत अदालत र न्यायिक तथा अर्धन्यायिक निकायको निरीक्षण गर्ने र दिइएको निर्देशनको कार्यान्वयनको अनुगमन गर्ने लक्ष्य राखिएको छ। यी लक्ष्यहरू पूरा गर्नका लागि १२ वटा रणनीतिक उपायहरू समेत पहिचान गरिएको छ।

प्रथम रणनीतिक योजना न्यायपालिकाको सर्वथा नौलो थालनी थियो । यसले न्यायपालिकाभित्र न्यायिक काम कारवाहीमा योजनाबद्ध सुधार प्रक्रियालाई अघि बढाउने कार्य गऱ्यो । योजना अवधिमा पूर्वाधार विकास, सूचना प्रविधि, सेवा सुविधाजस्ता क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । न्याय निरुपणको क्षेत्रमा पनि सर्वोच्च अदालतको तहमा पुराना मुद्दा कम गर्ने कुरामा आशाप्रद प्रगति हासिल भएको छ । उदाहरणार्थ : आर्थिक वर्ष २०६१/२०६२ को शुरुमा सर्वोच्च अदालतमा १७,४४७ मुद्दा वक्यौता रहेकोमा २०६६।३।२९ सम्ममा जम्मा ११,१६३ वक्यौता रहन गएको छ। सर्वोच्च अदालतले पुरानो वक्यौता कम गर्ने योजनाको लक्ष्य ७७.५ प्रतिशत पूरा गरेको छ।

तर, सर्वोच्च अदालतकै जस्तो प्रगति मातहत अदालतहरूमा हुन सकेको छैन । मुलुकमा चलेको द्वन्द्व, मधेश आन्दोलन, बढ्दो असुरक्षा, न्यायाधीशहरूको पद रिक्तता, कर्मचारीहरूको अभाव आदि कारणले गर्दा पुनरावेदन, जिल्ला अदालत र न्यायाधिकरणहरूले योजना अवधिमा लक्षित प्रगति हासिल गर्न सकेका छैनन् । तथापि यस अवधिमा केही पुनरावेदन अदालतहरू जस्तोः पुनरावेदन अदालत बुटवल, पुनरावेदन अदालत बागलुङ्ग र पुनरावेदन अदालत महेन्द्रनगरले वार्षिक लक्ष्यअनुरूप मुद्दा फछ्र्यौट गर्न सफल भएका छन् । प्रथम योजना अवधिको पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ३, ४, ६ र ८ वटा अदालतले दुई वर्ष नाघेका मुद्दाहरूलाई शून्य पारेका छन् भने योजना अवधिमा ६० प्रतिशत र सोभन्दा वढी मुद्दा फछ्र्यौट गर्ने

पुनरावेदन अदालतहरूको संख्या पनि प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ७, ९, १० र ५ रहेको छ ।

प्रतिकूल परिस्थितिको सामना गर्नु परेका कारणले जिल्ला अदालतहरूले लक्षित प्रगति हासिल गर्न सकेनन् । तर, यही अवधिमा केही जिल्ला अदालतहरूले वार्षिक ६० प्रतिशतभन्दा बढी मुद्दा फछ्र्यौट गर्न सफल भए । योजनाको प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षमा क्रमशः ७, ९, १० र ५ अदालतहरूले यस्तो प्रगति हासिल गरेका छन् । यति हुँदाहुँदै पनि काठमाडौं, सप्तरीलगायतका मुद्दा संख्या धेरै हुने अदालतमा मुद्दा फछ्र्यौटको स्थिति सन्तोषजनक नरहेकोले जिल्ला अदालतहरूको कुल बक्यौता घटाउन नसकिएको हो । पहिलो चार वर्षमा जिल्ला अदालतको बक्यौतामा ६ प्रतिशतले वृद्धि हुन गएको छ । करीव-करीव यस्तै स्थिति न्यायाधिकरणहरूको पनि रहेको छ ।

दोस्रो योजनाको तर्जुमा गर्ने क्रममा सरोकारवालाहरूसँग परामर्श गर्दा मुलुक संक्रमण कालमा रहेको र एकात्मक राज्य स्वरुपमा परिवर्तन भै संघात्मक व्यवस्था अवलम्वन गर्न गैरहेको हुंदा त्रिवर्षीय योजना निर्माण गर्ने कि भन्ने पनि तर्क उठेको हो । तर मुलुकले संघात्मक  राज्य व्यवस्था अवलम्वन गरे पनि न्यायिक काम कारवाहीको स्वरुपमा कुनै परिवर्तन नहुने केवल सँगठनात्मक स्वरुप र क्षेत्राधिकारमा मात्र केही परिवर्तन हुने र त्यस्तो परिवर्तनलाई आवधिक वा मध्यावधि मूल्याङ्कनमार्फत सम्बोधन गर्न सकिने नै हुँदा सरोकारवालाहरूको रायअनुरूप पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । दोस्रो रणनीतिक योजनामा प्रथम योजना अवधिमा शुरु गरिएका तर हाल पनि सान्दर्भिक रहेका कार्यक्रमहरूलाई निरन्तरता दिँदै परिवर्तित सन्दर्भमा आवश्यक देखिएका केही नयाँ कार्यक्रमहरू राखिएको छ । सो क्रममा यस योजनामा कुल १२ वटा रणनीतिक उपायहरूलाई लक्ष्य (Goal) को रुपमा लिई ती उपायहरूअन्तर्गत अन्य ६४ वटा उपशीर्षक र सोअन्तर्गत विभिन्न कार्यक्रमहरू राखिएको छ ।

दोस्रो योजनाले न्याय निरुपणलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्दै उपयुक्त विद्युतीय प्रणालीसहितको मुद्दा व्यवस्थापन पद्धति (Differentiated Case Management) लागू गर्ने, अदालत र न्यायाधीश एवं कर्मचारीको कार्यसम्पादन मापदण्ड तोक्ने, अनियन्त्रित सुनुवाई स्थगनलाई नियन्त्रण गरी मुद्दा व्यवस्थापनलाई अदालतको नियन्त्रणमा राख्ने, सर्वोच्च अदालत र पुनरावेदन अदालतमा न्यायाधीशहरूको समूह तोकी मुद्दा सुन्ने पद्धति ( Panel Hearing System) लागू गर्ने कार्यक्रम राखेको छ । अदालतहरूमा रहेको मुद्दाको चापलाई कम गर्न २००० भन्दा बढी मुद्दा भएका अदालतहरूमा विशेष अभियान सञ्चालन गर्ने कार्यक्रम पनि योजनाले राखेको छ । अबदेखि प्रत्येक अदालतहरूले आ-आफ्नो अदालत र न्यायाधिकरणको लागि वार्षिक फछ्र्यौट लक्ष्य तोकी कार्य योजना निर्माण गरी सोको कार्यान्वयन गर्नुपर्ने कुरालाई योजनाले अनिवार्य गरेको छ । मुद्दा फछ्र्यौटमा न्यायाधीशहरूलाई जिम्मेवार बनाउने र उनीहरूको कार्यको अनुगमन गर्न प्रत्येक न्यायाधीशको मुद्दा फछ्र्यौटको एकीकृत अभिलेख राख्ने व्यवस्था योजनाले गरेको छ । मुद्दाको समयतालिका निर्माण काठमाडौँ उपत्यकाभित्र सायमकालीन र रात्रि अदालतको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम पनि योजनाले राखेको छ । फैसला लेखनलाई छिटो छरितो र गुणस्तरीय बनाउने, वैज्ञानिक अभिलेख प्रणालीको विकास गर्ने कुरालाई

दोस्रो योजनामा विशेष महत्व दिइएको छ । त्यसैगरी तारिख प्रणालीमा सुधार गर्ने, मुद्दा व्यवस्थापनलाई सूचना पद्वतिसँग आबद्ध गर्ने तथा वैज्ञानिक अभिलेख पद्वतिको विकास गर्ने जस्ता कार्यक्रमहरूलाई योजनाले समेटेको छ ।

प्रथम योजना अवधिमा फैसला कार्यान्वयनमा अपेक्षित प्रगति हासिल हुन सकेन । तर सो अवधिभित्र राष्ट्रिय न्यायिक प्रतिष्ठानसमेतको तत्वावधानमा फैसला कार्यान्वयनको क्षेत्रमा रहेका समस्या र चुनौतीहरूको बारेमा अनुसन्धानमूलक अध्ययनहरू सम्पन्न भए । यसै अवधिमा फैसला कार्यान्वयन निर्देशनालयको पनि स्थापना गरियो । फैसला कार्यान्वयनको गम्भीरताउपर विशेष दृष्टि दिँदै दोस्रो योजनाले फैसला कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धि गर्ने, लगत व्यवस्थित गर्ने, मुद्दाको जिन्सी व्यवस्थापन गर्ने, धरौट तथा जेथा जमानतको प्रभावकारी व्यवस्थापन गर्ने आदि कार्यलाई विशेष महत्व प्रदान गरेको छ । यस सन्दर्भमा फैसला कैद, जरीवाना, बिगोको विवरण वेभ साइटमा प्रकाशन गर्ने, फैसला कार्यान्वयनसम्बन्धी अभिलेखको तथ्याङ्क सँग्रह प्रणाली (Database) सिर्जना गरी केन्द्रीय निर्देशनालयमा आवद्ध गर्ने र अद्यावधिक गर्ने कार्यक्रम राखिएको छ । साथै सार्वजनिक सरोकारको विषयमा जारी भएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयनको अनुगमन गर्न कार्यक्रम योजनाले राखेको छ ।

नेपाल विश्व व्यापार सँगठनको सदस्य भएको सन्दर्भमा सन् २०१० सालदेखि फैसला कार्यान्वयनलगायत न्यायिक सहयोगसमेतका क्षेत्रमा न्यायपालिकाले वहन गर्नुपर्ने सम्भावित जिम्मेदारीको विषयमा अध्ययन गर्ने कार्यक्रम पनि योजनाले राखेको छ ।

मानव संशाधनको विकास दोस्रो योजनाको अर्को प्राथमिकता प्राप्त क्षेत्र हो । सर्वोच्च अदालतभित्र मानव संशाधन महाशाखाको स्थापना र सुदृढीकरण गरी नियुक्ति, सरुवा, उत्प्रेरणा तालिम र मानव संशाधनको क्षमता विकासका लागि बृहत कार्यक्रमहरू तय गरिएको छ । जस्तैः वृत्ति विकासको क्षेत्रमा कार्य गर्ने, न्यायाधीशहरूको क्षेत्रीय स्तरमा वार्षिक सम्मेलन र हरेक तीन वर्षमा राष्ट्रिय सम्मेलन गर्ने कार्यक्रम योजनाले राखेको छ । तुलनात्मक विधिशास्त्रको वढ्दो महत्वलाई दृष्टिगत गर्दै न्यायिक पद्धतिहरू बीच अनुभवको साटासाट हुन सकोस् भन्ने उद्देश्यबाट न्यायपालिकाको उच्च तहमा भ्रमणहरूको आदान प्रदान गर्ने कुरालाई पनि योजनामा राखिएको छ ।

अदालतको पूर्वाधार विकासलाई दोस्रो योजनाले निरन्तरता दिएको छ । सूचना र प्रविधिको प्रयोगलाई संस्थागत गर्ने सन्दर्भमा संस्थागत संरचनाको विकास, न्यायिक सूचनाको श्रव्य दृश्य माध्यमबाट संप्रेषण गर्ने, अनुगमन एवं सुपरिवेक्षण प्रणालीलाई सुदृढ गर्दै स्वचालित अनुगमन प्रणालीको विकास गर्ने कार्यक्रम योजनाले राखेको छ ।

योजनामा न्यायपालिकाको संरचनागत तथा कार्यगत स्वतन्त्रताको प्रवर्द्धन गर्न संविधानको निर्माण क्रममा आवश्यक पहल गर्ने, न्याय प्रशासनसँग सम्बन्धित कार्यविधिगत व्यवस्थाहरू सर्वोच्च अदालत आफैँले बनाउन पाउने अधिकारलाई संविधानमा सुनिश्चित गर्ने, आर्थिक स्वायत्तता सुनिश्चित गर्ने, न्यायपालिकाका कर्मचारीहरूको सेवा शर्तसम्बन्धी छुट्टै ऐनको लागि पहल गर्ने कार्यक्रम राखिएका छन् । सबै

अदालतभित्र अनियमितताबारे उजूरी तथा गुनासो सुन्ने निकायको व्यवस्था गर्ने, वित्तीय अनुशासन तथा पारदर्शीता कायम गर्ने र भ्रष्टाचार न्यून गर्न निरोधात्मक र दण्डात्मक कदमहरू चाल्ने कुरा पनि योजनामा राखिएको छ ।

योजनाले न्याय सम्पादन, न्याय प्रणाली र न्यायिक सुधारसम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्न अनुसन्धान संयन्त्रलाई सुदृढीकरण गर्ने सन्दर्भमा अदालतको कार्य सम्पादन र सेवाको गुणस्तरमा सुधार ल्याउन अदालतका प्रयोगकर्ता लगायतको सन्तुष्टिको स्थिति परीक्षण गर्न सर्वेक्षण गर्ने कार्यक्रमसमेत राखेको छ ।

योजनाको प्रभावकारी कार्यान्वयनको लागि केही कानूनमा तत्कालै सुधार गर्नुपर्ने कुरालाई महसूस गरी दोस्रो योजनाले सुधारका क्षेत्र पहिचान गरी ऐन संशोधनका लागि पहल गर्ने कार्यक्रम राखेको छ भने अदालती कारवाहीमा हस्तक्षेप गर्ने, झुट्टा साक्षी प्रमाण पेश गर्ने कार्य (Perjury and Obstruction to Justice) लाई निरुत्साहित गर्न कानून बनाउने, अदालतको काम कारवाहीमा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने कानून निर्माणको अतिरिक्त अपराध संहिता र देवानी संहिता जारी गर्न आवश्यक पहल गर्ने लक्ष्य राखेको छ ।

योजनाले न्याय क्षेत्रका सरोकारवालाहरूसँगको संस्थागत र कार्यमूलक सम्बन्ध सुदृढ बनाउन, दातृ निकाय र गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई नियमित र व्यवस्थित गर्नका लागि विभिन्न कार्यक्रमहरू निर्धारण गरेको छ । न्यायमा जनताको सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्ने सन्दर्भमा न्यायिक सूचनामा जनताको पहुँचलाई अभिवृद्धि गर्ने, कानूनी सहायता र मेलमिलाप पद्धतिको प्रवर्द्धन गर्ने कुराहरू यस योजनामा समावेश गरिएका छन् । अदालतबाट प्रदान गरिने सेवाहरूको विस्तार गर्ने क्रममा असमर्थ पक्षको लागि अदालतको सहयोग कक्षबाट सामान्य निवेदन तथा फारामहरू भरी सेवा पुऱ्याउने, केही सामान्य प्रकृतिका मुद्दामा फिराद र प्रतिउत्तरको कम्प्यूटर टेम्प्लेट विकास गरी वैतनिक वकीलमार्फत सेवा विस्तार गर्ने कार्यक्रम राखिएको छ ।

योजनाको कार्यान्वयनको लागि कूल १९ अरव, ११ करोड, ८८ लाख, ३१ हजार वजेट प्रक्षेपण गरिएको छ । सोमध्ये मूल कार्यको लागि ७ अरव ८७ करोड, ९७ लाख, ८७ हजार र रणनीतिक उपायहरूको लागि ११ अरव, २३ करोड, ९० लाख, ४४ हजार वजेट प्रक्षेपण गरिएको छ । यस वजेटमा २०६६ सालको वजेट वक्तव्यबाट थप भएको कर्मचारीहरूको तलव भत्ताको वृद्धिलाई समावेश गरिएको छैन ।